# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १७ ] काठमाडौं, आश्विन ९ गते २०२४ साल [ अतिरिक्ताङ्क २६

**श्री ५ को सरकार**

### कानून तथा न्याय–मन्त्रालयको

### सूचना

नेपाल विशेष अदालत ऐन, २०१३ (संशोधनसहित) को दफा १० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले खण्ड १७, मिति २०२४।१।२०, अतिरिक्ताङ्क २ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठन भएको विशेष अदालतलाई खारेज गरेको छ ।

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको का. मु. सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय–मन्त्रालयको

## सूचना

सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ को अनुसूची १ को नम्बर १६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले जासूसी ऐन, २०१८ अन्तर्गत सजाय हुने अपराध-सम्बन्धी मुद्दालाई सोही अनुसूची १ मा समावेश गरी तोकिदिएको छ।

आज्ञाले–

चूडामणिराज सिंह मल्ल

श्री ५ को सरकारको का. मु. सचिव ।

श्री ५ को सरकार

## कानून तथा न्याय–मन्त्रालयको

## सूचना

नेपाल विशेष अदालत ऐन, २०१३ (संशोधनसहित) को दफा २ र ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ।

देहायका सदस्यहरू भएको एक विशेष अदालत गठन गरिएको छः–

| | |
|---|---|
| अञ्चल न्यायाधीश श्री वृषबहादुर थापा (बागमती अञ्चल अदालत) | सदस्य |
| सहायक अञ्चलाधीश श्री लक्ष्मणविक्रम भण्डारी (बागमती अञ्चलाधीश कार्यालय) | सदस्य |
| जिल्ला न्यायाधीश श्री शूरवीर अधिकारी (काठमाडौं जिल्ला अदालत) | सदस्य |

सो विशेष अदालतको अध्यक्ष पदमा श्री ५ को सरकारले अञ्चल न्यायाधीश श्री वृषबहादुर थापालाई तोकिदिएको छ।

जासूसी ऐन, २०१८ को दफा १० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले बागमती अञ्चलाधीश कार्यालयका पब्लिक प्रसिक्यूटर र सम्बन्धी प्रहरीले अनुसन्धान तथा तहकिकात गरी दायर हुने वादी श्री ५ को सरकार, प्रत्यवादी अर्जुनकुमार-समेत भएको जासूसी गरे गराए भन्ने मुद्दा लिई, हेरी कारवाही तथा किनारा गर्न यस विशेष अदालतलाई अधिकार दिएको छ। यस विशेष अदालतले उपत्यकाभित्र जहाँसुकै पनि आफ्नो इजलास कायम गर्न सक्ने छ।

आज्ञाले–

चूडामणिराज सिंह मल्ल

श्री ५ को सरकारको का. मु. सचिव ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।